## त्रिभुवन विश्वविद्यालय स्व.वि.यु निर्वाचनको आचार संहिता सम्बन्धी प्रस्तावित निर्देशिका - २०७९

त्रिभुवन विश्वविद्यालय ऐन तथात्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० (२०७३/९/२० सम्मको संसोधन सहित) को परिच्छेद ८३ को नियम ३५२ (क) रविद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय सम्बन्धि विनियम २०७७ मा उल्लेख भए अनुसार आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियन गठन सम्बन्धि व्यवस्थालाई कार्यान्वयन गर्न "स्वतन्त्र बिद्यार्थी युनियन"(स्वबियु)निर्बाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित रूपमा संचालन गर्न "स्वबियु निर्बाचन आचार संहिता सम्बन्धि निर्देशिका २०७९." जारी गरिएकोछ । यस निर्देशिकाले ऐन, नियममा भएको व्यवस्था तथा सरोकारवालाबाट प्राप्त सुझाव समेतका आधारमा निर्बाचनलाई सहजीकरण गर्ने उद्देश्य राखेकोछ । स्वबियु निर्बाचनका लागि ३ तहमा समितिहरू रहने भएकोले सोही अनुसार काम कर्तबय र अधिकारको स्पष्टिकरण सहित प्रस्तुत गरिएकोछ ।

**१)स्वबियु निर्बाचन केन्द्रिय अनुगमन तथा समन्वय समितिः**

क) स्वबियु निर्बाचनस्वच्छ, स्वतन्त्र र भयरहित रूपमा गराउने प्रयोजनार्थ केन्द्रिय अनुगमन तथा समन्वय समितिले आचार संहितामा उल्लेख भएका कुराहरूलाई पुर्णरूपमा पालना भएनभएको अनुगमन गर्नेछ ।

ख) स्वबियु निर्बाचनका लागि आवश्कता अनुसार निर्णको समन्वय गर्नेछ ।

ग) स्वबियु निर्बाचनको शिलशिलामा कुनै कानुनीविवाद उत्पन्न भएमँ त्यसको निरूपणका लागि आवश्यक कार्य गर्नेछ ।

घ) स्वबियु निर्बाचन केन्द्रिय अनुगमन तथा समन्वय कार्य समितिलाई आवश्यकता अनुसार सुझाव, निर्देशन, सल्लाह र सहयोग प्रदान गर्नेछ ।

**२)स्वबियु निर्बाचन केन्द्रिय अनुगमन तथा समन्वय कार्य समितिः**

क) स्वबियु निर्बाचनका लागि त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०(२०७३/९/२० सम्मको संसोधन सहित) र त्रि.वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय सम्बन्धी विनियम २०७७ समेतका आधारमा स्वबियु निर्बाचनको आचार संहिता सम्बन्धी २०७९ तयार गरी लागु गर्नका लागि सिफारिस गर्ने छ) ।

ख) स्वबियु निर्बाचनका लागि आवश्यक निर्बाचन कार्य तालिका बनाई प्रकाशित गर्नेछ ।

ग) स्वबियु निर्बाचन गर्ने दिन निर्बाचन सम्बन्धी कृयाकलापलाई व्यवस्थीत गर्न मतदान समय, मतदाता नामावली, प्रचार प्रसार सामाग्री, खर्च सिमा लगायतका कार्यका लागि सम्बन्धीत क्याम्पस/कलेज र मतदान अधिकृत सहितको टोलीलाई जिम्मेवारी प्रत्यान गर्ने ।

घ) स्वबियु निर्बाचनको लागि आवश्यक सुरक्षा समन्वयको व्यवस्थापन गर्ने ।

(ङ) स्वबियु निर्बाचनको लागि आवश्यक श्रोत साधनको परिचालनमा सहजिकरण गर्ने ।

च) निर्बाचन सम्बन्धमा आवश्यक्ता अनुसार अनुगमन गरी स्वच्छ, निष्पक्ष र भयरहित स्वबियु निर्बाचन सम्पन्न गर्न वातावरण बनाउने ।

छ) स्ववियु निर्वाचनमा निर्वाचित विद्यार्थीहरुलाई प्रदान गरिने सर्टिफिकेटको ढांचा बनाई कार्यान्वयन गर्ने ।

ज) स्ववियु निर्वाचनका लागि तोकिएका अन्य कार्य गर्ने/गराउने ।

**(३) स्ववियु निर्वाचन समिति (क्याम्पस/कलेज स्तरको निर्वाचन समिति) :**

१) स्ववियु निर्वाचन समितिले निर्वाचन प्रयोजनको लागि निर्वाचनको कार्य तालिका प्रकाशित गर्नेछ ।

२) त्रि.वि.संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० (२०७३/९/२० सम्मको संसोधन सहित) को परिच्छेद ८३ को नियम ३५२ (क) अनुसार र त्रि.वि. कार्यकारी परिषदको निर्णय अनुसाका निर्वाचन समितिले निम्नलिखित कार्यहरू गर्ने गराउने छ ।

(क) सम्बन्धित क्याम्पस/कलेजले स्ववियुनिर्वाचन तालिका बनाई कार्यान्वयन गर्नेछ ।

(ख) स्ववियु निर्वाचन गर्ने दिन निर्वाचन सम्वन्धि कियाकलापलाई व्यबस्थित गर्न सम्वन्धित क्याम्पस/कलेजले प्रचार प्रसार अबधि, सामग्री, खर्च सम्वव्धी, मतदान सुरूहुने र बन्दहुने समय, मतदाता परिचय पत्र लगायतका कार्यहरूको जानकारी सूचना पाटिमा टांस गर्नू पर्नेछ ।

(ग) प्रत्येक मनोनयन पत्रमा १ जना प्रस्तावक र १ जना समर्थकको हस्ताक्षर गरी सक्कलै परिचय पत्रसमेत राखी पेश गर्नु पर्ने छ । प्रत्यक्ष र समानुपातिक तर्फका उम्मेदवार हुने विद्यार्थीले उमेर खुलेको नागरिकता वा शैक्षिक प्रमाणपत्रको सक्कल र प्रतिलिपि समेत निर्वाचन समितिमा पेश गरी त्यसको प्रतिलिपि निर्वाचन अधिकृतले प्रमाणित गरी रेकर्ड राख्ने र प्रमाणपत्र रूजु गरी सक्कल प्रति सम्बन्धितलाई फिर्ता दिनु पर्नेछ ।

(घ) कुनै एउटा पदको १ जना उम्मेदवारको प्रस्तावक वा समर्थक भइसकेको व्यक्ति सोही पदको अन्य उम्मेदवारको प्रस्तावक वा समर्थकको रूपमा वस्न पाइने छैन। तर सदस्यहरूको हकमा भने जति जना प्रत्यक्ष प्रणालीवाट निर्वाचन हुनु पर्ने हो त्यति नै जनाको प्रस्तावक वा समर्थक बन्न पाइने छ ।

(ङ) जुन पदमा आफूले उम्मेदवारी दिएको छ सोही पदमा अन्य उम्मेदवारको समर्थक वा प्रस्तावक हुन पाइने छैन। त्यसरी समर्थक वा प्रस्तावक भएको पाईएमा दुवैको उमेदवारी रद्द हुनेछ ।

(च) निर्वाचन समितिले तोकेको मिति र समय भित्र संघ, संगठन, संयुक्त प्यानल वा समूहले निर्वाचन प्रक्रियाको लागि नाम दर्ता गराउनु पर्नेछ। उक्त मिति र समय भित्र दर्ता नभएका संघ, संगठन वा समूहको उम्मेदवारीलाई मान्यता दिइने छैन।

(छ) विद्यार्थीहरूले प्रत्यक्ष निर्वाचन प्रणालीवाट निर्वाचित हुने पदको लागि संघ, संगठन, संयुक्त प्यानल, समूह वा स्वतन्त्र रूपमा निर्वाचनमा उम्मेदवारी दिन सक्नेछन् र सहमतिको आधारमा मतपत्र तयार पार्दा समूहगत/संगठनात्मक रूपमा तयार पार्न सकिनेछ। मतपत्रमा संगठन, संयुक्त प्यानल वा समूहको नाम राख्दा उम्मेदवारी दर्ता भएको क्रमसंख्या अनुसार राखिनेछ। समूहगत रूपमा निर्वाचनमा भाग लिन चाहनेले समूहको नामावली र मनोनयन पत्र दर्ता गर्नु पर्नेछ । निर्वाचनमा उम्मेदवार हुन तोकिएको उमेरहद नाघेका उमेदवारको उमेदवारी स्वतह बदर भएको मानिनेछ ।

(ज) माथि उल्लेखित (छ) को प्रयोजनको लागि संघ, संगठन, संयुक्त प्यानल वा समूहको उम्मेदवारको रूपमा भाग लिने विद्यार्थी संगठनले निर्वाचन अधिकृत समक्ष आफ्नो संघ, संगठन, संयुक्त प्यानल वा समूहको

आधिकारीक सिफारिस पत्र हस्ताक्षर सहित पेश गर्नु पर्नेछ। संघ/संगठनको हकमा क्याम्पस इकाई समितिको अध्यक्ष/सभापति, संयुक्त प्यानल र समूहको हकमा संयोजक/प्रमुख/अध्यक्षको पत्रलाई आधिकारिक मानिनेछ। यसमा विवाद उत्पन्न भएको खण्डमा सम्बन्धित विद्यार्थी संघ, संगठनको केन्द्रीय अध्यक्ष/सभापति/संयोजक/ प्रमुखको सिफारिसलाई आधिकारीक मानिनेछ। छुट्टाछुट्टै संगठन दर्ता भएकोले पनि उम्मेदवारी दिंदा संयुक्त प्यानलको नाममा उम्मेद्वारी दिन पाउने छन् ।एउटै नाम भएका संगठनहरू भएमा त्यस्ता संगठनका आधिकारिक अध्यक्ष/सभापति/संयोजक/प्रमुखहरूसंग छलफल गरी पहिचान दिन अध्यक्षको समूह वा पार्टीको भातृ संगठनको संकेतिकरण निर्वाचन अधिकृतले गर्नुपर्नेछ ।

(झ) उम्मेदवारी दर्ता गर्ने अन्तिम दिन २८ वर्ष ननाघेको र मतदाता सूचिमा नाम भएको व्यक्तिले स्व.वि.यु.कार्य समितिको कुनै एक पदको (पदाधिकारी वा सदस्यको) लागि मात्रै उम्मेदवारी दिन सक्नेछ ।

(ञ) मतपत्रमा निर्वाचन अधिकृत र मतदान अधिकृत दुवैको हस्ताक्षर अनिवार्य रूपमा हुनु पर्नेछ। इलेक्ट्रोनिक मेसिनबाट मतदान गर्ने व्यवस्था भएमा भने त्यसको आवश्यकता पर्ने छैन ।

(ट) मत गणनाको मिति र समय तोकेर सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ठ) परिस्थिति अनुरूप उम्मेदवारको एजेन्टहरू राख्ने आधारहरू बनाई निर्वाचन र मतगणनाका लागि एजेन्ट राख्न सकिनेछ ।

(ड) मतदान सकिना साथ मत गणनाको कार्य यथासक्य चांडो प्रारम्भ गर्नु पर्नेछ ।

(ढ) मतगणना सकिनासाथ विजयी उम्मेदवारहरूले पाएको मतको संख्या समेत उल्लेख गरी परिणाम घोषणा गर्नु पर्नेछ ।

(ण) निर्वाचन परिणामको विस्तृत विवरण प्राप्त मत संख्या संघ, संगठन वा समूह समेत खुल्ने गरी क्याम्पस प्रमुख मार्फत तुरून्तै शिक्षाध्यक्षको कार्यालय विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयमा पठाउनु पर्नेछ ।

(त) माथि उल्लेखित निर्वाचन आचार संहिता सहित निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित रूपमा सम्पन्न गर्न थप निम्नानुसारका कुराहरूको अनिवार्य रूपमा पालना गर्नु पर्नेछ:

१. क्याम्पसको कम्पाउण्ड वालको बाहिर पट्टी, भित्र पट्टी र क्याम्पस परिसरमा वाल पेन्टिङ गर्न पाइने छैन ।

२. निर्वाचन सम्वन्धी तुल, फ्लेक्स र कुनै पनि प्रकारको पोस्टर टांस्न पाइने छैन ।

३. त्रि.वि. वा क्याम्पसलाई हानि नोक्सानी हुने कुनै प्रकारको प्रचार प्रसार गर्न पाइने छैन ।

४. क्याम्पसको निर्वाचन समितिमा दर्ता भएका संघ, संगठन, समूह वा स्वतन्त्र उम्मेदवारहरूलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम निर्वाचन समितिले संचालन गर्ने र उक्त कार्यक्रममा एक अर्का प्रति आक्षेप वा आरोप लगाउने वाक्यहरू बोल्न पाइने छैन ।

५. प्रत्येक संघ, संगठन, समूह र स्वतन्त्र उम्मेदवारले आफ्नो निर्वाचन घोषणा पत्र र उम्मेदवारको नामावलीको A4 साइजको एक रंग भएको पर्चा मात्रै प्रचार प्रसार गर्न पाइने छ ।

६. क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचार प्रसार गर्न पाइने छैन ।

७. बन्देज गरिएका उपरोक्त कार्य कसैले गरेको पाइएमा तुरून्तै हटाउन लगाउनु पर्नेछ । नहटाइएको पाइएमा क्याम्पस प्रशासनले हटाउने छ ।

८. निर्वाचन कार्यतालिका प्रकाशित भई निर्वाचन प्रकृया अधि बढेको दिनदेखि निर्वाचनलाई प्रभाव पार्ने खालका कुनैपनि गतिविधिमा रोक लगाईनेछ । सरकारी कोषबाट तलव भत्ता लिने कुनैपनि व्यक्ति वा संस्थाका कार्यक्रमहरू क्याम्पस हाता भित्र गर्न बन्देज लगाईएकोछ ।

(थ) शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन स्थानीय प्रशासनसंग समन्वय गरी आवश्यक कार्य गर्ने गराउने ।

(द) समानुपातिकतर्फको सदस्य पदको उम्मेदवारको नामावली संघ, संगठन वा समूहले शिलवन्दी खाममा तोकिएबमोजिम संख्यामा मात्र निर्वाचन समिति समक्ष तोकिएको मिति र समय भित्र बुझाउनु पर्नेछ। एक पटक बुझाई सकेपछि उक्त शिलवन्दी भित्रको नाममा कुनै हेर फेर गर्न पाइने छैन ।

(ध) निर्वाचनका लागि प्रत्यक्ष र समानुपातिक तर्फको लागि अलग अलग मतपत्र हुनेछ र समानुपातिक मतपत्रमा संघ,संगठन वा समूहकोको नाम राखिनेछ। प्रत्यक्षतर्फका मतपत्रमा संघ, संगठन वा समूह र उम्मेदवारको नाम राखिने छ ।

(न) प्रत्यक्ष तर्फका उम्मेदवार भएका व्यक्तिले समानुपातिक तर्फ उम्मेदवार हुन पाउने छैन । प्रत्यक्ष तर्फका उम्मेदवारको नाम समानुपातिक तर्फबाट समावेश भएको पाइएमा, उमेरको हद काटेमा वा मतदाता सूचिमा नाम नभएको पाइएमा निर्वाचन समितिले समानुपातिक तर्फबाट नाम हटाई बांकी सदस्यहरूको नाम मात्र कायम गर्नेछ ।

(प) प्रत्यक्ष निर्वाचन तर्फको मतगणनामा मत बराबर भएमा गोलाप्रथाबाट निर्णय गरिनेछ। समानुपातिक तर्फ खसेको सदर मतलाई समानुपातिक तर्फ निर्वाचित हुने सदस्य संख्याले भाग गरी आएको भागफललाई निर्वाचित हुने मत कोटा मानिनेछ। यो मत कोटाको अनुपातमा संघ, संगठन वा समूहको सदस्य निर्वाचित हुनेछन् । निर्वाचित हुने आवश्यक संख्या पुरा नभएमा अधिकतम शेषफलको क्रमअनुसार निर्वाचित हुने सदस्य संख्या वितरण गरिनेछ ।

**उदाहरण :**

**जम्मा समानुपातिकको सदर मत संख्या ६८०**

**समानुपातिक तर्फवाट निर्वाचित हुने सदस्य संख्या ५**

**मत कोटा १३६**

| | समूह क | समूह ख | समूह ग |
|---|---|---|---|
| प्राप्त मत | २५० | २४० | १९० |
| भागफल | १ | १ | १ |
| शेष | ११४ | १०४ | ५४ |
| | १ | १ | ० |

(फ) उपाध्यक्ष पद १ र सहायक सचिव पद १ मा निर्वाचित पदाधिकारीहरू र प्रत्यक्ष तथा समानुपातिक तर्फबाट निर्वाचित भएका सदस्यहरू सहितको स्व.वि.यु. कार्य समितिले समानुपातिकबाट आएका सदस्यहरूमध्येबाट सर्वसम्मत वा बहुमतको आधारमा निर्वाचित गर्नेछ । जस्तै उदाहरणको लागि ११ सदस्यीय स्व.वि.यु. कार्य समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित ३ जना सदस्य प्रत्यक्षबाट र ५ जना सदस्यहरू समानुपातिकबाट छानिनेछन् ।

(ब) मत गणना सम्पन्न भएको ७ दिन भित्रमा निर्वाचनमा समानुपातिक तर्फ संघ, संगठन वा समूहले प्राप्त गरेको मतको आधारमा सदस्यमा निर्वाचित हुने संख्या तोकी संघ, संगठन वा समूहले पेश गरेको शिलबन्दी सूचि भित्रका नाममध्येबाट संघ, संगठन/समूहबाट नाम सिफारिश मागि निर्वाचित भएको घोषणा गर्नु पर्नेछ। यदी ७ दिन भित्र नाम सिफारिस भई नआएमा संघ/संगठन/समूहले पेश गरेको सूचीको क्रमसङ्ख्याको क्रमाङ्क १ बाट क्रमश सदस्य छनोट गरिनेछ ।

(भ) मतदान हुन भन्दा ४८ घण्टा अगाडि देखि निर्वाचनको प्रचार प्रसार गर्न पाइने छैन ।

३) निर्वाचन सम्बन्धी सम्पूर्ण कामको लागि निर्वाचन समय निर्वाचन अधिकृतले तोके अनुसार हुनेछ ।

४) स्व.वि.यु. निर्वाचन मतदाता सूचि एउटा संघ, संगठन वा समूहले एक सेटभन्दा बढी लिन चाहेमा क्याम्पसले निर्धारण गरेको शुल्क बुझाई लिन सक्नेछ ।

५) स्व.वि.यु. निर्वाचन सम्पन्न गर्न निर्वाचन अधिकृत एक र आवश्यकतानुसार अन्य सदस्यहरू भएको निर्वाचन समिति क्याम्पस प्रमुखले गठन गर्नु पर्नेछ । समितिमा विद्यार्थी संख्याका आधारमा २०० जना सम्म ५ सदस्यीय, २०१ देखि १००० सम्म ७ सदस्यीय, १००१ देखि ३००० सम्म ९ सदस्यीय, ३००१ देखि माथि ११ सदस्यीय र ५००१ देखि माथि १३ सदस्यीय निर्वाचन समिति गठन गर्नुपर्नेछ ।

६) निर्वाचन शान्तिपूर्ण ढंगले संचालन गर्न क्याम्पसले आचार संहिता पूर्णरूपमा पालना गर्ने र गर्न लगाउनु पर्नेछ । स्ववियु निर्वाचनको कुनै कुरामा अस्पष्टता भएमा निर्वाचन केन्द्रीय अनुगमन एवं समन्वय कार्य समिति, संग समन्वय गर्न सकिनेछ ।

७) कुनै कारणवस स्व.वि.यु. निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न हुन नसक्ने अवस्था सृजना भएमा निर्वाचन अधिकृतको सिफारिसमा क्याम्पस प्रमुखले निर्वाचन स्थगन गरी पछि मिति तोकी निर्वाचन गर्नु पर्नेछ ।

८) त्रि.वि.ले स्व.वि.यु.निर्वाचन तालिका प्रकाशित गरेको ठिक ७ दिनले हुन आउने मितिबाटै सम्पूर्ण क्याम्पसहरूमा स्नातक तह प्रथम वर्षको विद्यार्थी भर्ना बन्द गरिने छ । साथै दोस्रो, तेस्रो र चौथो वर्ष एवं दोस्रो सेमेष्टर देखि अन्तिम सेमेष्टरको भर्ना क्याम्पसले मिति तोकि व्यवस्था गर्नु पर्ने छ । तर सेमेष्टर प्रणालीमा संचालित कार्यक्रममा प्रवेश परीक्षा उत्तीर्ण भईसकेका कोटाभित्र प्रथम सेमेस्टरमा भर्ना हुनेको हकमा भने मतदातासूचि प्रकाशित हुने मिति भन्दा दुई दिन अगाडि सम्म नियमानुसार भर्ना गर्न पाइनेछ ।

९) **जनआन्दोलन घाइते कार्ड, सहिद परिवारको सदस्य र अपाङ्ग सुविधामा क्याम्पसमा भर्ना गर्दा त्रि.वि.को निर्णय अनुसार विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयको अनिवार्य रूपमा सिफारिश पत्र ल्याएकोलाई मात्र मतदाता सूचीमा नामावली समावेश गर्न दिइनेछ ।**

# श्रीमान् अध्यक्षज्यू,

१०) निर्वाचनमा उम्मेदवारको मनोनयन पत्र दाखिला गर्ने दिन उम्मेदवारको उमेर २८ वर्ष ननाघेको हुनु पर्नेछ। (उदाहरणका लागि २०७९ साल चैत्र ५ गते हुँने निर्वाचनमाउम्मेदवारी दाखिला मिति २०७९/११/२७ भएमा प्रत्यक्ष र समानुपातिक दुवै तर्फ २०५१/११/२८ गते जन्ममिति भएको र सो भन्दा पछि जन्मेका विद्यार्थीहरूले उम्मेदवारी दिन पाउने छन् ।

११) त्रि.वि.संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४९ बमोजिम स्ववियु कार्यसमितिमा २०० जना सम्म विद्यार्थी भएकोमा ११ सदस्यीय, २०१ देखि १००० सम्म १५ जना, १००१ देखि ३००० सम्म १९ जना र ३००१ देखि माथि २१ जनाकोपदाधिकारी र सदस्य रहनेछन् ।

१२) स्व.वि.यु.निर्वाचनमा कुनै संघ, संगठन वा समूहले समानुपातिक तर्फ मात्र पनि निर्वाचनमा सहभागी हुन सक्नेछ ।

१३. एक तहको अध्ययन सकेर उतिर्ण भइसकेपछि पुनः त्यही तह र विषयमा भर्ना हुन पाउने छैन तर विषय परिवर्तन गरी अध्ययन गर्न नियमित विद्यार्थीको रूपमा क्याम्पस भर्ना हुन सक्नेछ । प्रमुख अतिरिक्त विषय अध्ययन गर्ने विषयको ट्रान्सकृप्ट नपाउने अवस्थाका विद्यार्थीहरू मतदाता हुन सक्नेछैनन् ।

१४. प्रत्येक विद्यार्थी भर्ना हुंदा बैंक भौचर छुट्टाछुट्टै बैंक दाखिला भएको हुनु पर्नेछ ।

१५. एउटै क्याम्पस हातामा केन्द्रीय विभागको पनि कक्षा संचालन भइरहेको अवस्थामा एउटै स्व.वि.यु. हुनेछ ।

त्रि.वि. स्व.वि.यु. निर्वाचन केन्द्रीय
अनुगमन तथा समन्वय समिति